ऐन संख्या ...

# स्वर्गद्वारी नगरपालिका

# स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन -२०७६

नगर सभाबाट स्वीकृत मिति :.२०७६।.०३ । १०

प्रमाणिकरण मिति :

## स्वर्गद्वारी नगरपालिका

प्रदेश नं. ५

भिंगृ, प्यूठान

# <u>स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन -२०७६</u>

## स्वर्गद्वारी_नगरपालिकाको आर्थिक बर्ष २०७५६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७६

**प्रस्तावनाः** स्वर्गद्वारी नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वर्गद्वारी नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** **(१)** यस ऐनको नाम " स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष **२०७६।०७७** को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, शशर्त अनुदान र अन्य रकम एबं बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१ करोड ६५ लाख ९२ हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ । तर यो बजेटमा संघिय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत र अन्य निकायबाट थप बजेट प्राप्त भएमा सोही अनुसार खर्च गर्न बाधा पर्ने छैन ।

३. **विनियोजनः**

**(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त स्वर्गद्वारी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले सम्पादन गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको वैठकको निर्णयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र

वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | बाहिय श्रोतबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| १ | | नगरकार्यपालिकाको कार्यालय | 5,46,00000 | 18,91,92000. | | 24,37,92,000. |
| २ | | वडा कार्यालयहरु | 54,00,000 | 4,95,00,000. | 0 | 5,49,00,000 |
| ३ | | बिषयगत शाखाहरु शशर्त अनुदान संघीय सरकार र प्रदेस सरकार | 0 | 0 | 0 | 19,79,00,000 |
| ४ | | प्रदेस समपुरक अनुदान | | 2,00,00,000 | 0 | 2,00,00,000 |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | 0 | 0 | 0 | 0 |
| ५ | | लगानी (शेयर/ऋण) | 0 | 0 | 0 | 0 |
| | | जम्मा | 6,00,00,000 | 258692000. | | 51,65,92,000. |